# आर्थिक वर्ष २०७९/०८० को

# निति तथा कार्यक्रम र बजेट वक्तव्य

## देवताल गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पिप्राढीगोठ, बारा

मधेश प्रदेश, नेपाल

मिति २०७९ साल अषाढ ८ गते

उदय प्रसाद यादव
अध्यक्ष

आदरणीय उपाध्यक्षज्यु,
आदरणीय वडा अध्यक्षज्यु तथा कार्यपालिका सदस्यज्युहरु,
आदरणीय गाउँ सभा सदस्यज्युहरु,
प्रमुख प्रशासकीय अधिकृतज्यु,
राष्ट्र सेवक कर्मचारीहरु,
पत्रकार मित्रहरु ।

सर्वप्रथम यस देवताल गाउँपालिकाको आ.व. ०७९/०८० को निति तथा कार्यक्रम र बजेट सहितको अधिवेशनमा यहाँहरुलाई हार्दिक स्वागत गर्न चाहन्छु ।

नेपाललाई लोकतान्त्रिक गणतन्त्र देश स्थापना गर्नको लागि विभिन्न आन्दोलन (जन आन्दोलन एवंम मधेश अन्दोलन)को क्रममा आफ्नो अमूल्य जीवन बलिदानी गर्नु भएका ज्ञात, अज्ञात वीर सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै बिभिन्न आन्दोलनका क्रममा घाईते, बेपता हुनु भएका नागरिक प्रति उच्च सम्मान्न व्यक्त गर्न चाहन्छु ।

स्थानिय सरकार (देवताल गाउँपालिका)को आ.व ०७९/०८० को निति तथा कार्यक्रम र बजेट यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु ।

साथै हाम्रो जीवनमा आउने विभिन्न किसिमको माहामारी रोगहरुको सामना गर्नको लागि अगामी आ.व.को बजेट निर्माण गर्दा माहामारी सङ्क्रमणबाट हुने क्षति, गाउँवासीको जीवन रक्षा र आपत विपद

एवम संकटको वीचमा पनि विकास निर्माण कार्यको संगै माहामारी जस्ता रोगहरुको नियन्त्रण गर्न हाम्रो प्रयास निरन्तर जारी राख्दै माहामारी रोकथामको लागि संघीय सरकार संग समन्वय गरि रोगहरु रोकथामको लागि आवश्यक पर्ने औषधी एवम खोपहरु लगाउने कार्यलाई उच्च प्राथमिक्तामा राख्नेछु ।

यो निति तथा कार्यक्रम र बजेट तर्जुमा गर्दा गाउँपालिकाको समग्र वर्तमान परिस्थिति, सृजित सबै चुनौतिहरुलाई ध्यानमा राखि गाउँवासीको चाहना, भावना र मागको आधारमा गा.पा.को स्रोत र साधनको अधिक्तम सदुपयोग गरि राजनैतिक दल, जन प्रतिनिधि, नागरिक समाज एवम अगुवाहरुको राय सुझाव, नेपालको संविधान र प्रचलित ऐन कानुनले दिएको अधिकार भित्र रहि अगामी आ.व. ०७९/०८० को बजेट तथा कार्यक्रम प्रस्तुत गरेको छु ।

आर्थिक वर्ष ०७८/७९ को विनियोजित रकम मध्ये आम्दनी तर्फ, संघीय सरकारबाट राजस्व बाँडफाँटको रु. ५,८९,८५,०००।– **(अक्षरेपी- पाँच करोड उन्नाब्बे लाख पच्चासी हजार मात्र)** प्राप्त हुने अवस्था रहेकोमा हाल सम्म रु. ४,९१,०४,३४७।– **(चार करोड एक्कान्नब्बे लाख चार हजार र तीन सय सड्चालीस मात्र।)** प्राप्त भएको छ। गाउँपालिकाको आन्तरिक आम्दनी रु. १,००,००,०००।– (अक्षरेपी एक करोड मात्र।) अनुमान गरिएकोमा हालसम्म रु. ५,७३,१४४।– (पाँच लाख त्रिहत्तरी हजार र एक सय चौवालिस मात्र) आम्दनी प्राप्त भएको देखिन्छ। बिनियोजित रकमको खर्च अनुपात तर्फ हेर्दा सशर्त अनुदान रकम रु. १०,८९,२०,०००।– **(दस करोड उन्नान्बे लाख विस हजार मात्र)** को ६१.८८ प्रतिशत, वित्तिय समानिकरण खर्चको रु.१,७०,००,०००।– (अक्षरेपी एक करोड सत्तरी लाख मात्र) मध्ये ७६.८८ प्रतिशत, समपुरक तथा विशेष अनुदानको करिब ४२,००,०००।-(अक्षरेपी ब्यालिस लाख मात्र)को ९१.४३ प्रतिशत र चालु खर्चको रु.२३,१५,२२,०००।– **(अक्षरेपी तेईस करोड पन्ध्र लाख वाईस हजार मात्र)को करिब ७३.४०** प्रतिशत खर्च हुने अवस्था छ ।

आर्थिक वर्ष २०७९/०८० को बजेट स्रोतको रुपमा देवताल गाउँपालिकाको आन्तरिक आम्दनी बाट अनुमानित रकम रु.१,५०,००,०००।– **(एक करोड पचाल लाख मात्र)** (अल्या तथा घाटा बजेट समेत) संघीय सरकारबाट वित्तिय समानिकरण अनुदान तर्फ रु.१०,६४,००,०००।– **(दस करोड चौसठी लाख मात्र)** र प्रदेश सरकारबाट वित्तिय समानिकरण रु. ७३,७२,०००।– (अक्षरेपी त्रिहत्तरी लाख बहत्तरी हजार मात्र) गरि वित्तिय समानिकरण तर्फ जम्मा रु.११,३७,७२०००।-(**एघार करोड सैतीस लाख बहत्तरी हजार मात्र)**, सशर्त अनुदान तर्फ (संघीय सरकारको) रु. ११,५२,००,०००।– (अक्षरेपी **एघार करोड वाउन्न लाख मात्र)** र प्रदेश सरकारबाट सशर्त अनुदानको रु. ............ (बजेट सिलिङ्ग प्राप्त नभएको) गरि सशर्त अनुदान तर्फ जम्मा रकम रु. .......... संघीय सरकारबाट राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम रु. ७,१४,५३,०००।– (अक्षरेपी सात करोड चौध लाख त्रिपन्न हजार मात्र) संघीय सरकारबाट

समपुरक अनुदान तर्फ रु. ९०,००,०००।– (नब्बे लाख मात्र) र प्रदेश सरकार बाट समपुरक अनुदान रु.२०,००,०००।– (अक्षरेपी बिस लाख मात्र) गरी जम्मा रु. १,१०,००,०००।– (एक करोड दस लाख मात्र) संघीय सरकारबाट विशेष अनुदान रकम रु. २,२०,००,०००।– (अक्षरेपी दुई करोड विस लाख मात्र) प्रदेश सरकारबाट विशेष अनुदान रकम रु. ३०,००,०००।–(अक्षरेपी तीस लाख मात्र) गरि जम्मा रु. २,५०,००,०००।–(अक्षरेपी दुई करोड पचास लाख मात्र) समेत गरी आ.व. ०७९/०८० को लागि गाउँपालिकाको कुल रकम रु. ३५,१४,२५,०००।– (अक्षरेपी पैतिस करोड चौध लाख पच्चीस हजार मात्र) बराबरको वजेट प्रस्तुत गरेको छु ।

आदरणीय सभा सदस्यज्युहरु,

- यस गाउँ सभाबाट गाउँपालिकाको निति तथा कार्यक्रम र बजेटमा आर्थिक, सामाजिक, सास्कृतिक, विकासका उदेश्य, लक्ष्य र कार्यनिति तथा रणनिति सहितको विकासको खाका तयार गरी सोही अनुरुप कामहरुको परिणाम गाउँपालिकावासीज्युहरुको समक्ष अगामी दिनहरुमा प्रकट गर्दै जानेछु।
- देवताल गाउँपालिकाको आधारभुत विकास, समाजिक न्याय, मानव अधिकार, सहकार्य र समन्वयको सिद्धान्तलाई आत्मसात गर्दै विधिको शासन प्रति प्रतिवद्ध रही सुशासनको अनुभुति दिलाउनेछु ।
- गाउँपालिकाको भौगोलिक, सामाजिक, स्वास्थ्य, शिक्षा, कृषि, सिचाँइ, आर्थिक, पूर्वाधार, सुशासन, सुरक्षा व्यवस्था, विपद व्यवस्थापन, फोहोरमैला व्यवस्थापन जस्ता कार्यहरुको सन्तुलित र योजनावद्ध रुपले विकास निर्माणका कार्यहरु मालिक होईन सेवकको नाताले उत्तरदायी, पारदर्शी, मेहनती र ईमान्दारी पूर्वक मेरा सहयोगी पदाधिकारी एवम कर्मचारी संयन्त्रहरुबाट समृद्ध देवताल गाउँपालिकाको निर्माण गर्नेछु ।
- आर्थिक वर्ष २०७९/०८० को निति तथा कार्यक्रम र बजेटको लक्ष्य "समृद्ध गाउँपालिका, खुशी गाउँवासी" रहेको छ ।
- गाउँपालिका वासीहरुको चाहना र भावना अनुसारको सेवा सुविधा, आवश्यकताको व्यवस्थापन, कार्यान्वयन तथा नियमन गर्ने निकाय स्थानिय सरकार एंवम जन-प्रतिनिधि नै हुन तर गाउँपालिका वासीहरुको मताधिकार लिएर सो मताधिकारको कदर गर्दै हामीले गाउँपालिकाको समग्र विकासको निति निर्माण र विकास निर्माणको अगुवाई अनुगमन र गाउँपालिका वासीको सुखदुःखमा अहोरात्र खट्टी काम गर्ने छु ।
- हाम्रो कार्यकालमा समृद्ध देवतालको आधार खडा गरी उच्च महत्वका साथ कृषि क्षेत्रको विकास शिक्षा क्षेत्रको विकास, भौतिक पूर्वाधार विकास निर्माण, समाजिक विकास, व्यवस्थापन र सुशासनको अनुभूति हुने सेवा प्रवाहका कार्यहरु गरिनेछ ।

➢ नेपालको संविधान, स्थानिय सरकार संचालन ऐन, सार्वजनिक खरिद ऐन तथा नियमावली, संघीय र प्रदेश सरकारले जारी गरेका निति, नियम तथा कानुन प्रति पूर्ण प्रतिवद्ध रही विकासको प्रणालीमा परिणात्मक र गुणात्मक सुधार, क्रमागत आयोजना सम्पन्न, आर्थिक विकास (कृषि, पशु, पर्यटन, उद्योग, व्यवसाय, सहकारी, वित्तीय क्षेत्र),सामाजिक विकास (शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्द्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण), पूर्वाधार विकास (सडक, पुल, सिंचाइ भवन, उर्जा, बैकल्पिक उर्जा, संचार), वातावरण तथा विपद व्यवस्थापन (बन तथा भु-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, फोहोरमैला व्यवस्थापन, जल-उत्पन्न प्रकोप नियन्त्रण, विपद व्यवस्थापन) र संस्थागत विकास तथा सेवा प्रवाह तर्फ (सामान्य सेवा, सुरक्षा व्यवस्था, सूचना प्रविधि, पञ्जीकरण व्यवस्थापन, तथ्याङ्क संकलन, अभिलेख व्यवस्थापन, सुशासन प्रवर्द्धन)जस्ता कार्यहरु गाउँपालिकाको मुहार फेर्ने योजना तथा कार्यक्रमको सुरुवात गरी देवताल गाउँपालिकाको समग्र विकास, सुशासन, सीप र क्षमताको प्रभावकारी उपयोग गर्न सरकारी र निजी क्षेत्र संगको सहकार्यमा सफल कार्यान्वयनको लागि गाउँपालिकाको आ.व. ०७९/०८० को निति तथा कार्यक्रम र बजेट प्रस्तुत गरिरहेको छु ।

१. <u>आर्थिक विकास तर्फ</u>

क) <u>कृषि तथा पशु</u>

- गाउँपालिका क्षेत्र भित्रको कृषि योग्य जमिनको पहिचान र संरक्षण गर्दै गाउँपालिकालाई कृषि उत्पादनमा आत्मनिर्भर बनाउन समुदाय, प्रदेश र संघीय सरकारसंगको सहकार्यमा आवश्यक रणनीति बनाई कृषि क्षेत्रमा विकास गरिनेछ।
- <u>"एक घर-एक करेसाबारी"</u> कार्यक्रम संचालन तर्फ जोड दिई अर्गानिक तरकारी उत्पादनमा कृषकहरुलाई उचित अनुदानको व्यवस्था मिलाईनेछ।
- गाउँपालिका अन्तर्गत सञ्चालित रहेका हाट बजारहरुलाई व्यवस्थित गरिनेछ।
- यस गाउँपालिका भित्र धान र गेंहु वालीलाई पकेट क्षेत्रको रुपमा घोषणा गरी समुदाय, सहकारी र संघीय सरकार, प्रदेश सरकार र गाउँपालिकाको सहकार्यमा कार्यक्रम संचालन गरिनेछ।
- कृषकहरुलाई आवश्यक पर्ने मौसम अनुसारको बिउ, बेर्ना, मल खाद समयमा उपलब्ध गराउन संघीय सरकार र प्रदेश सरकार संग समन्वय गरिनेछ।
- कृषिको आधुनिक्ता र व्यवसायिक्तालाई विभिन्न निकायसम्म पुर्याउन विभिन्न दिवस मनाईनेछ।
- मत्सय पालन गर्ने कृषकलाई पुराना माछा पोखरीको मर्मत सम्भारमा अनुदान उपलब्ध गराईनेछ ।

* लागत साझेदारीमा माछा पोखरी खन्ने किसानलाई संघीय सरकार एंवम् प्रदेश सरकारले उपलब्ध गराउदै आएको रकममा प्रति कठ्ठा २ हजारको दरले थप अनुदान गा.पा.बाट उपलब्ध गराईनेछ ।
* कृषि सिचाईको लागि यस गा.पा.बाट निःशुल्क कृषि मिटर उपलब्ध गराउने व्यवस्था मिलाउनेछ ।
* कृषि मेलाहरु संचालन गरिनेछ।
* तरकारी तथा केरा खेति गर्ने किसान लाई गा.पा.को तर्फबाट उचित तालिम र अनुदानको व्यवस्था गरिनेछ ।
* आधुनिक र व्यवसायिक कृषि फर्म सञ्चालन गर्न कृषकलाई प्रोत्साहन गरिनेछ ।
* कृषिको लागि सबै वडाहरुमा सिचाईको कार्य हेतु तपसिल अनुसारको कार्यक्रमहरु अगाडी बढाईनेछ ।

<u>तपसिल</u>

  - खेति योग्य जग्गाहरुमा तार र पोल जडान (ट्रन्सफर्मर सहित) कार्य गर्ने
  - निःशुल्क बोरिङग गाड्ने र जडान गर्ने कार्य
  - पम्पिङ्ग सेट र मोटर पम्प वितरण
  - डिप ट्युववेल जडान
  - सिंचाईको लागि कच्ची एंवम पक्की नाला निर्माण

* बेमौसमि तरकारी खेती गर्न कृषकहरुलाई लागत साझेदारी कार्यक्रमा अनुदान उपलब्ध गराइनेछ ।
* <u>"एक वडा – एक कृषि प्राविधिक"</u> को व्यवस्थापन गरिनेछ ।
* माटो परिक्षणको लागी गा.पा. स्तरीय एक प्रयोगशालाको निर्माण गरि सो कार्यमा लाग्ने प्राविधिक जनशक्तिको व्यवस्था समेत गरिनेछ ।
* गाउँपालिकाले वितरण गर्ने कृषि विकासमा प्रयोग हुने यन्त्र, स्पेयर टंकी, मोटर पम्प, बोरिङ्ग, पम्प सेट एवम कृषि सामग्री लगायतका यन्त्र तथा उपकरणहरुको लागत मूल्यको ८५% अनुदानमा उपलब्ध गराईनेछ।
* गाउँपालिका क्षेत्र भित्रका कृषकहरुको बर्गीकरणको लागि कृषि परिचय-पत्र उपलब्ध गराईनेछ । यस कार्यक्रमको लागि आवश्यक पर्ने जनशक्ति तथा खर्च रकम संघीय सरकार, प्रदेश सरकार र गा.पा.को सहकार्यमा कृषि विकास तर्फ स्वीकृत कार्यक्रम शिर्षकबाट व्यवस्थापन गरिनेछ ।

- व्यवसायीक फल-फूल बगैचा स्थापनाको लागि कृषकहरुलाई १००% अनुदानमा बिरुवा उपलब्ध गराईनेछ । यसरी उपलब्ध गराईने बिरुवा कम्तिमा ५ कठ्ठा देखि १ बिगाहा क्षेत्रफल (जग्गामा)मा लगाउनु पर्नेछ।
- कृषक तथा कृषक समुहहरुलाई समय-समयमा कृषक अवलोकन भ्रमणमा लगिनेछ ।
- पशु नस्ल सुधारका लागि कृत्रीम गर्भाधान सेवा मिसनको रुपमा संचालन एंवम व्यवस्था गरिनेछ।
- व्यवसायिक रुपमा पशु पन्छी पालन गर्ने व्यवसायीलाई अनुदानको व्यवस्था मिलाईने छ।
- गा.पा. स्तरबाट एक वटा डेरी निर्माण तथा दुग्ध संकलन केन्द्र निर्माण गरिनेछ।
- पशु आहार उपलब्ध गराउनको लागि हिउँदे तथा वर्षे र बहु वर्षे जातका विउ र बेर्ना पशु उत्पादक किसानहरुलाई निशुल्क वितरण गरि **"देवताल गा.पा.अध्यक्ष पशु आहार मिसन कार्यक्रम"** संचालन गरिनेछ।
- गा.पा. स्तरीय पशु अस्पताल निर्माण गरिनेछ । साथै सोको लागि आवश्यक पर्ने जनशक्ति एंवम उपकरणहरुको व्यवस्था गरिनेछ ।
- पशु स्वास्थ्य उपचार शिविर सञ्चालन गरिनेछ।
- गाई संरक्षण, प्रर्वद्धन कार्यक्रमको लागि लागत साझेदारी अन्तर्गत अधिकतम एक लाख सम्मको दुहुना गाई कृषकको ५०% लागत सहभागितामा वितरण गरिनेछ । साथै वितरण गरिएको गाईको बिमा एक पटकको लागि गा.पा.को तर्फबाट गरिनेछ ।
- पशु स्वस्थ्य सेवा सुरक्षा कार्यक्रम कार्यविधि वनाइ संचालन गरिनेछ ।
- उत्पादन मूलक उद्देश्यले दर्ता भएका तरकारी, फलफूल, गाई, भैसी, बाखा, कुखुरा, सुँगुर, हाँस पालक फार्महरुको व्यवस्थापकलाई गा.पा.को तर्फ बाट बिभिन्न किसिमको सचेतना मुलक कार्यक्रम एवम अवलोकन भ्रमण गराइनेछ। साथै यी व्यवसायिक फार्महरुको निर्माण गर्नकोलागि गा.पा.संग सम्झौता गरि विषेश अनुदान उपलब्ध गराईनेछ ।
- यस गा.पा. स्थित व्यवसायिक प्रयोजनको उद्देश्यले संचालन भईरहेको माछाको सुकुटी(पकली) उत्पादन गर्ने व्यवसायीलाई प्रोत्साहन गर्न पिकअप जीप (चार पाङ्ग्रे) खरिद गर्न आवश्यक अनुदान गा.पा.वाट उपलब्ध गराईनेछ ।

**ख) सहकारी/संघ-सँस्था/उद्योग बाणिज्य/पर्यटन**

- कृषि विकासमा सामुदायीक सहकारी खेतीलाई प्रोत्साहित गरिनेछ ।
- सहकारी संस्थाको अनुगमन र नियमन कार्यलाइ व्यवस्थित गरी नितिगत रुपमा थप प्रभावकारी बानाइनेछ ।

गाउँ कार्यपालिकाको कार्यालय
देवताल गाउँपालिका
पिपराढीगोठ, बारा
मधेश प्रदेश, नेपाल
२०७३

- गा.पा. क्षेत्र भित्र सञ्चालन गरिने योजना तथा कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि सम्बन्धित विषयसंग सम्बद्ध NGO र INGO हरुसंग समन्वय गर्ने निति लिईनेछ ।
- गैर सरकारी संघ संस्थाले गा.पा. क्षेत्र भित्र कुनै पनि कार्यक्रम सञ्चालन गर्नु पूर्व स्वीकृति लिएर समन्वय गरी कार्यक्रम अगाडी बढाउने कार्यको व्यवस्था गरिनेछ ।
- सहकारी क्षेत्रको प्रवर्द्धनका लागि सहकारीको समन्वयमा तथा साझेदारीमा समय-समयमा उत्पादन एंवम सीपमुलक कार्यक्रहरु संचालन गरिनेछ ।
- सहकारी संस्थाको तथ्याङ्क संकलन गरी तथ्याङ्क अध्यावधिक गरिनेछ ।
- सहकारी संस्थाहरुको संस्थागत विकासको लागि नेतृत्व/कर्मचारीको क्षमता वढाउन बिभिन्न किसिमको क्षमता बृद्धि कार्यक्रमहरु संचालन गरिनेछ ।
- गरिबी न्युनिकरण तथा रोजगारीको अवसर सृजना गरिनेछ ।
- रोजगारीकोलागि व्यवसायीक सीप तालिम, उधोग, वित्तीय क्षेत्रबाट रोजगारी सृजना जस्ता कार्यहरु गरिनेछ ।
- गरिबी निवारणका लागि  लघु उद्यम विकास सीपमुलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- व्यवसायिक्ता तर्फ अग्रसरता एवम व्यवसाय संचालनको लागि उद्यमसिलता तथा वितिय साक्षरता तालिम संचालन गरिनेछ ।
- सार्वजनिक स्थलहरुको पहिचान गरि पिकनिक पार्क तथा चिल्ड्रेन पार्कहरुको निर्माणको लागि डि.पि.आर. बनाई निर्माण कार्यको प्रक्रिया अगाडी बढाईनेछ ।

## २) समाजिक विकास

### क) शिक्षा

- सम्पुर्ण सामुदायिक विद्यालयहरुको भौतिक पुर्वाधार निर्माण कार्य अझै थप प्रभावकारी ढंगले अगाडी बढाईनेछ ।
- सामुदायिक विद्यालयहरुको भौतिक निरिक्षण गरि विद्यालयहरुलाई आवश्यक पर्ने जग्गा प्रासिको व्यवस्था मिलाईनेछ ।
- गा.पा. स्तरीय शैक्षिक सुधार कार्यक्रम प्रभावकारी तरिकाले सञ्चालन गरिनेछ ।
- प्राविधिक शिक्षा संचालन गर्ने अभिप्रायले प्राविधिक विद्यालयको रुपमा श्री ने.रा.प्रा.वि. धुरहा, देवताल-५ लाई सुविधा सम्पन्न विद्यालय निर्माणको लागि जग्गा व्यवस्था गरी भवन निर्माण गरिनेछ ।
- माध्यमिक विद्यालय तहमा अग्रेजी, गणित र विज्ञान विषयका शिक्षक दरबन्दी नभएका विद्यालयहरुमा गा.पा. अनुदानमा सो विषयका शिक्षक दरबन्दीको व्यवस्था गरिनेछ ।

- यस पालिका अन्तर्गत संचालित प्रा.वि, नि.मा.वि र मा.वि.मा माग बमोजिमको शिक्षक र कर्मचारीको व्यवस्थापन गरिनेछ ।
- <u>एक विद्यालय- एक नर्स कार्यक्रम</u> अन्तर्गत यस पटक ३ वटै मा.वि.मा विद्यालय नर्सको पदपूर्ति गरिनेछ ।
- यस देवताल गाउँपालिकामा स्थाई ठेगाना भई MBBS, Engineering एवम Law तर्फ छात्रवृतिमा अध्ययन गर्न छनौट भएका छात्र-छात्राहरुलाई सहयोग स्वरुप गा.पा.बाट पुरस्कार स्वरुप मोवाईल वा ल्यापटप उपलब्ध गराईनेछ।
- यस पालिकाका सामुदायिक विद्यालयको ८ कक्षामा अध्यनरत दलित, गरिब तथा जेहेन्दार छात्रालाई सम्बन्धित विद्यालयको सिफारिसमा साईकल उपलब्ध गराइनेछ। साथै प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने विद्यार्थीलाई उपलब्ध गराईनेछ ।
- यस गाउँपालिकाको सामुदायिक विद्यालयबाट SEE मा A Grade तथा A+ Grade ल्याउने सम्पूर्ण विद्यार्थीहरुलाई ल्यापटप उपलब्ध गराईनेछ ।
- यस पालिका अन्तर्गतका स्तानतकोत्तर अध्ययनरत छात्राहरुलाई मोबाईल उपलब्ध गराईनेछ ।
- सामुदायिक विद्यालयको लागि संघीय सरकारबाट प्राप्त खाजा रकम एवम किताब वितरणको रकम अपुग भएमा विद्यालयको माग एंवम तथ्याँक विवरणको आधारमा गा.पा.बाट आवश्यक बजेट व्यवस्थापन गरिनेछ ।
- सामुदायिक विद्यालयहरुमा अध्ययनरत किशोरी छात्राहरुको लागि निःशुल्क रुपमा सेनेटरी किटको व्यवस्था गराईनेछ ।
- सामुदायिक विद्यालयका शिक्षक एवम विद्यार्थीहरुलाई सामवेश गरि शैक्षिक अवलोकन भ्रमण गराईनेछ ।
- सामुदायिक एवम संस्थागत विद्यालयहरुको कक्षा थप(अनुमति) कार्यको लागि स्थलगत अनुगमन निरिक्षण गरि उक्त कार्य अगाडी बढाईनेछ ।
- विद्यालयहरुमा आई.सि.टि. विज्ञान प्रयोगशाला पुस्तकालयको साथै सर्वसुल्लभ शौचालय निर्माण कार्यको लागि आवश्यक बजेट व्यवस्था गरिनेछ ।
- देवताल-४ स्थित रहेको श्री.ने.रा.मा.वि. पिप्राढी-३, हाल देवताल-४ स्थित विद्यालय लाई प्लस टु संचालनको लागि आवश्यक अनुदानको व्यवस्था गरिनेछ ।
- शैक्षिक सुधार कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- भौतिक रुपमा व्यवस्थित गर्न बाकी रहेका विद्यालयको निर्माण तथा मर्मत लगायतका कार्यलाई निरन्तरता दिईनेछ ।

देवताल गाउँपालिका
कार्यपालिकाको कार्यालय
पिपराढीगोठ, बारा
मधेश प्रदेश, नेपाल
२०७३

- ❖ शिक्षक दरबन्दी मिलान एवम व्यवस्थापन कार्यलाई पुर्णता दिई विद्यार्थी संख्याको अनुपातमा शिक्षक व्यवस्थापन गरिनेछ ।
- ❖ यस पालिका अन्तर्गत रहेको मा.वि.मा डाटा ईन्ट्री कार्य प्रयोजनको लागि कम्प्युटर अपरेटरको व्यवस्था गरिनेछ । साथै सबै विद्यालयहरुमा सरसफाई प्रयोजनको लागि स्विपर समेतको व्यवस्था गरिनेछ ।
- ❖ शिक्षकको पेशागत विकासलाई मर्यादित बनाई सिकाई, वातावरण सरल, प्रविधि मैत्री बनाउन आवश्यक सामग्री, तालिम, कार्यशाला गोष्ठी जस्ता कार्यहरु गरिनेछ ।
- ❖ श्री ने.रा.प्रा.वि रौवाही-५, र श्री ने.रा.प्रा.वि धुरहा देवताल-५, को विद्यालयमा आउँदो शैक्षिक सत्र देखि कक्षा १ देखी २ सम्मका विद्यार्थीहरुलाई अंग्रेजी माध्यमबाट पठन पाठनको लागि चाहिने जनशक्ति (शिक्षक)को पदपुर्ति गरि सो विद्यालयलाई नमूनाको रुपमा विकास गरिनेछ ।
- ❖ हरेक सामुदायिक विद्यालयमा कम्प्युटर ल्याव र लाईव्रेरीको स्थापना गरिनेछ ।
- ❖ हरेक सायुदायिक विद्यालयमा विद्यार्थहरुको लागि स्कुल व्याग र स्कुल ड्रेस निःशुल्क उपलब्ध गराईनेछ।
- ❖ यस पालिका अन्तर्गत रहेका मा.वि.मा कक्षा ९ र १० मा अध्ययनरत विद्यार्थीहरुलाई निःशुल्क कोचीङ्ग कक्षाको व्यवस्था गरिनेछ ।
- ❖ यस पालिकामा विगतदेखि सञ्चालनमा रहेका आसमान नेपाल कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- ❖ यस पालिका अन्तर्गत रहेका मा.वि.बाट SEE मा टप थ्री (Top Three) मा परेका र विज्ञान संकाय तर्फ प्लस टु अध्ययन गर्नको लागि बाहिर जाने विद्यार्थीहरुलाई छात्रवृतिको व्यवस्था मिलाईनेछ।

<u>ख. स्वास्थ्य</u>

- ❖ यस पालिका भित्र बसोबास गर्ने कुनै पनि समुदायका जातजातिमा पर्ने व्यक्तिलाई कडा रोग ( मुटु रोग, मृगौला रोग, क्यान्सर रोग, पार्किन्सन्स, अल्जाईमर्स, स्पाईनल ईन्जुरी, हेड ईन्जुरी, तथा सिकलसेल-एनिमिया रोगहरुको उपचार खर्चको लागि नेपाल सरकारले उपलब्ध गराउदै आएको रकममा थप रकम रु. २५००० (पच्चिस हजार) देखि ५०,०००।– (पचास हजार) गा.पा.बाट आर्थिक सहयोग स्वरुप उपलब्ध गराइनेछ ।
- ❖ महिला स्वास्थ्य सेविकाहरुलाई नेपाल सरकार र गा.पा.ले दिदै आएको सेवा सुविधाको अतिरिक्त यस गा.पा.बाट थप रकम रु. २०००।– (दुई हजार मात्र।) मासिक रुपले उपलब्ध गराईनेछ।
- ❖ स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य सेवा केन्द्र एवम बर्थिङ्ग सेन्टरको लागि चाहिने यन्त्र एवं उपकरण उपलब्ध गराउनुको साथै आवश्यकता अनुसारको थप जनशक्ति पदपुर्ती गरिनेछ ।

- गर्भवती, सुत्केरी, जेष्ठ नागरिक, बालबालिका आदिको लागि पोषण कार्यक्रम सञ्चालन गरिनेछ।
- बहु क्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तारता दिईनेछ ।
- यस पालिका अन्तर्गत जग्गा वा घर भाडाको व्यवस्थापन गरि आर्युवेद र होमियोपैथिक अस्पतालको निर्माण तथा सञ्चालन गरिनेछ । उक्त कार्यको लागि एकिकृत स्वास्थ्य सेवा संचालन गरिनेछ।
- देवताल गाउँपालिकाको वडा नं. २ स्थित रहेको स्वास्थ्य चौकीमा आम जनताको रगत दिशा पिसाब लगायतका अन्य ल्याब परिक्षणहरु निशुल्क चेक जाँच गर्नको लागि प्याथोलोजि ल्याब सञ्चालन गरिनेछ । साथै सो ल्याबको लागि आवश्यक जनशक्तिको व्यवस्थापन समेत गरिनेछ।
- कुकुर, स्याल, बिरालो जस्ता अन्य जनावरहरुले टोकेकोमा उपचारकोलागि एन्टी रेविज सेवा केन्द्र संचालनको लागि संघीय सरकारलाई अनुरोध गरिनेछ ।
- एम.वि.वि.एस. (MBBS) वा विषेशज्ञ चिकित्सकको पदपुर्ती गरिनेछ ।
- यस गा.पा. क्षेत्र भित्र सञ्चालित वर्थिङ्ग सेन्टरलाई अझै व्यवस्थित गरि आवश्यक्ता अनुसारको थप बर्थिङ्ग सेन्टर निर्माण गरिनेछ ।
- दन्त अस्पताल र आँखा, कान र घाँटी (ENT) अस्पताल निर्माण गरिनेछ ।
- देवताल गाउँपालिकाको बर्थिङ्ग सेन्टरमा नवजात शिशुलाई जन्म दिने आमालाई नेपाल सरकारवाट प्राप्त हुने रकममा गा.पा.को तर्फवाट थप ५० प्रतिशत रकम उपलब्ध गराईनेछ ।
- यस गा.पा. भित्रका डोम समुदायका गाउँवासीहरुलाई निःशुल्क स्वास्थ्य विमा गरिनेछ।
- स्वास्थ्य क्षेत्रमा दक्ष एवम तालिम प्राप्त नवप्रवेशि युवतीलाई स्वयंसेविकाको रुपमा प्रवेश गराउने उद्येश्यले ६० वर्ष उमेर नाघेका महिला स्वयमसेविकाहरुलाई गा.पा.बाट एक पटकको लागि रु. ५०,०००।– (अक्षेरेपी पचास हजार मात्र) प्रदान गरी सम्मानका साथ विदाई गरिनेछ।
- आँखा शिविर सञ्चालन गरिनेछ।
- महिलाहरुको पाठेघर सम्बन्धी रोग उपचारको लागि निःशुल्क शिविर सञ्चालन गरिनेछ।

## ग) खानेपानी तथा सरसफाई

- देवताल अन्तर्गतका टोलबस्तीहरुमा जडान गरिएका हैन्ड पम्प बाट निस्किने पानीको गुणस्तर परिक्षण गर्ने कार्य अगाडी बढाईनेछ ।
- गा.पा.को हरेक घर धुरीलाई निःशुल्क स्वच्छ खाने पानीको व्यवस्था मिलाईनेछ ।
- गाउँपालिकालाई सरसफाई र हरियाली प्रवर्द्धन लागि सम्पूर्ण वडाहरुमा आवश्यक कार्यक्रम गरिनेछ ।

- प्रत्येक वडामा स्वच्छ खानेपानीको लागि सम्भाव्यता अध्ययन गरि ओभरहेड टंकी निर्माणको लागि प्रदेश सरकार र संघीय सरकार लाई अनुरोध गरिनेछ ।
- प्रत्येक वडाको मूल चौक एवम हाट बजार क्षेत्रमा सुलभ शौचालयको निर्माण गरिनेछ ।

घ) संस्कृति प्रवर्धन, महिला तथा बालबालिका विकास, लैङ्गिक समानता तथा समाजिक समावेशिकरण

- यस पालिका भित्र रहेका मठ, मन्दिर, मस्जिद आदिको संरक्षण, मर्मत सुधार र व्यवस्थापन कार्यमा सहयोग गरिनेछ ।
- हिन्दु तथा मुस्लिम लगायत अन्य धर्मावलीहरुले मनाउने विभिन्न किसिमको स्थानिय पर्व, जात्रा, साँस्कृतिक कार्यक्रम, मेला आदीलाइ संरक्षण गर्न आवश्यक सहयोग गरिनेछ ।
- मधेश प्रदेशको महान पर्वको रुपमा मनाईने छठ पर्व गर्नको लागि घाट संरक्षण व्यवस्थापन गरिनेछ
- विपन्न दलितहरुको आर्थिक, सामजिक, साँस्कृतिक सम्बन्धी कार्यक्रहरु संचालन गरिनेछ।
- जातीय छुवाछुत एवम भेदभाव विरुद्ध जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, तेस्रो लिङगी, अल्पसंख्यकहरुको तथ्याङ्क संकलन गरी आवस्यकता अनुसारको कार्यक्रमहरु संचालन गरिनेछ ।
- महिलाहरुको लागि सीपमूलक एवम जनचेतना कार्यक्रम/तालिमको व्यवस्था मिलाईनेछ।
- लैङ्गिक हिंसा, मावन वेचविखन, तथा ओसार पसार विरुद्ध सचेतना कार्यक्रमहरु संचालन गरिनेछ।
- बालबिवाह बिरुद्धको सचेतना कार्यक्रमहरु यस पालिकाको सामुदायिक विद्यलायहरुको मा.वि.हरुमा संचालन गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुको दैनिक जीवन यापन एवम स्तर उन्नतीको लागि सीप मूलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- गा.पा. कार्यालयमा आउन असमर्थ रहेका पूर्ण अपाङ्गता भएका व्यक्तिहरुलाई घर दैलोमा गएर परिचयपत्र वितरण गरिने व्यवस्था मिलाईनेछ ।
- बालश्रममुक्त गाउँपालिका घोषणा गरिनेछ ।

ङ) युवा तथा खेलकुद

- युवा तथा खेलकुद क्षेत्रको विकासको लागि युवा क्लवको प्रवर्द्धन, प्रशिक्षण, अभिमुखिकरण जस्ता तालिम गोष्ठी संचालन गरिनेछ ।
- सार्वजनिक कार्यक्रम समारोहमा युवाहरुको सहभागिता बढाईनेछ ।

- विभिन्न खेलकुद आयोजनाको लागि खेलकुद मैदान(रंगशाला) निर्माण गरिनेछ ।
- विभिन्न प्रकारका खेलकुदहरुको आयोजना गरिनेछ ।
- यस गा.पा.स्थित रहेको मैनाहाडीहको जग्गालाई संरक्षण गरिनेछ ।
- युवाहरुको शारिरिक एवम मानसिक विकासको लागि यस पालिकामा वडा नं १, २ र ३ को पाएक पर्ने स्थान आश्रम क्षेत्र निर तथा वडा नं ४, ५, ६, ७ को पायक पर्ने स्थान पिप्राढीको प्रहरी चौकीको छेउमा सुविधा समपन्न व्यामशाला (Health Fitness Center /Gym) को निर्माण गरि संचालनमा ल्याईनेछ ।
- युवाहरुको लागि रोजगार मुलक तथा सीपमुलक कार्यक्रमहरु सञ्चाचन गरिनेछ ।
- लोप्त हुदै गएको कुस्ती खेलको लागि कुस्ती दंगलको मैदान(अखडा) निर्माण गर्नुको साथै अनुभवी कुस्ती खेल प्रशिक्षकलाई नियुक्त गरिनेछ । साथै कुस्ती खेलाडिहरुलाई पनि प्रोत्साहन गरिनेछ ।

च) <u>रोजगार व्यवस्थापन</u>

- "<u>गा.पा.अध्यक्ष रोजगार कार्यक्रम</u>" सञ्चालन गरि कम्तिमा २०० जनालाई रोजगारी प्रदान गरिनेछ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका आयोजनाहरु सञ्चालनको लागि यस गा.पा.संग सहकार्य गरि रोजगार सृजना गरि व्यवस्थापन गरिनेछ।

## ३) पूर्वाधार विकास

- गा.पा.का सबै वडा क्षेत्रहरुमा यातायातको पहुँच पुर्याउन, सडक स्तर वृधि, सडकहरुको अवस्था पहिचान गर्नको लागि "<u>सडक गुरु योजना</u>" बनाई आवश्यक व्यवस्थापन गरिनेछ ।
- कुनै पनि सार्वजनिक पुर्वाधारको निर्माण गर्दा अपाङ्ग मैत्री, बाल मैत्री, जेष्ठ नागरिक मैत्री जस्ता ढाँचामा लगत ईस्टिमेट गरि भवन निर्माण गराईनेछ ।
- चलन चल्तीका गली बाटो बाहेकका सडकहरु २० फीट भन्दा कम चौडाईको निर्माण कार्य गरिने छैन।
- अधुरा रहेका भौतिक पुर्वाधार र सडकहरुलाई अनुगमन निरिक्षण गरी प्राविधिक लगत ईस्टिमेट बमोजिम निर्माण कार्य पुरा गराईनेछ ।
- राधाकृष्ण मंदिर पिपरपाती देखि गम्हरिया हुदैं देवापुर सम्मको सडकलाई कालोपत्रे गरि सो सडकमा दाँया वाँया वृक्षारोपन तथा सौन्दर्यकरण गरेर नमुना मार्ग बनाईनेछ ।
- रौवाही चौक देखि जब्का हुदै रमपुर्वा-फूलवरीय घाट सम्म र पिप्राढीको मेथुरा चौक देखि धुरहा सम्मको वाटोलाई नमुना वाटो वनाईनेछ ।

- एक वडाबाट अर्को वडाको वस्तीसम्म आवतजावत गर्नकालागि नयाँ सडक (New Track) निर्माण गरिनेछ ।
- प्रत्येक वडाको सडक पक्की गर्नुको साथै नाला समेतको निर्माण गरिनेछ ।
- यस गा.पा.क्षेत्र भित्रको सम्पुर्ण कच्ची सडकहरुलाई स्तरोन्नती गरि कच्ची सडक मुक्त गरिनेछ ।
- गा.पा.क्षेत्र भित्रका सम्पुर्ण सडकहरुको मर्मत सम्भार गरिनेछ ।
- पिपरपाती जव्दी देखि वसतपुर जाने पसाह नदीको वीचमा झोलुङ्गे पुलको निर्माण गरिनेछ ।
- सडकहरुको दाँया-बाँया बृक्षारोपण गरि हरित गाउँपालिका बनाईनेछ ।
- यस गा.पा.क्षेत्र भित्र रहेका कुलो, पैनी, नदि, नालाहरुमा आवश्यकता अनुसारको पुल, कल्भर्ट निर्माण गरिनेछ ।
- रमपुर्वा देखि फुलवरिया एवम जव्का देखि भावरा (कलैया उ.म.न.पा) जौड्ने पसाहा नदीको बिचमा पुल निर्माण गर्नको लागि संघीय सरकार र प्रदेश सरकार संग पहल गरिनेछ ।
- पुल, कल्भर्ट, भौतिक पुर्वाधार निर्माणकोलागि डिपिआरको कार्य अगाडी बढाईनेछ ।
- सबै सरकारी भवनहरुको लगत तयार गरि संरक्षण तथा मर्मतको व्यवस्थापन गरिनेछ ।
- गा.पा.को मुख्य-मुख्य चौकमा यात्रु विश्राम स्थल निर्माण गरिनेछ ।
- विद्यालय तथा स्वास्थ्य संस्थाहरुको भवन, कम्पाउन्ड वालको निर्माण गरिनेछ ।
- यस पालिका भित्र बसोबास गरिरहेका अति विपन्न आवास विहिन दलित समुदायको लागि व्यवस्थित आवस योजना संचालित गरी भवन निर्माण गरिनेछ ।
- मनोरंजन पार्कको निर्माण गरिनेछ ।
- सडक मर्मत सम्भार कोषको व्यवस्थापन गरिनेछ।
- यस गा.पा. भित्रका मुख्य-मुख्य चौकहरुमा टावर लाईट जडान गरिनेछ।
- रोवाही स्थित पसाह नदीको बाँध निर्माणको लागि सँघीय तथा प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ।
- यस गा.पा.को समग्र विकासको लागि पञ्च वर्षिय योजना वनाई लागु गरिनेछ।

## ४) वातावरण तथा विपद व्यवस्थापन

- गाउँ टोल बस्तीबाट निस्केका फोहोरमैलाको व्यवस्थापनको लागि ल्याण्ड फिल्ड साईटको सम्भाव्यता अध्ययन गरिनेछ ।
- हरित र वातावरण मैत्री गा.पा.बनाउनको लागि जोड दिईनेछ ।
- गा.पा.स्तरीय विपद व्यवस्थापन राहत कोष खडा गरिनेछ ।

❖ विपद प्रतिकार्य योजनाको लागि नेपाल रेड क्रस सोसाइटी, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल आर्मी तथा अन्य सरोकारवाला संघसंस्था समेतको सहकार्यमा विपद प्रतिकार्यको व्यवस्थापन गरिनेछ।

❖ फोहोर मैला व्यवस्थापनको लागि वडा स्तरीय खानेपानि तथा सरसफाई स्वच्छता समन्वय समिति, स्थानिय युवा क्लव, संघ संस्था, टोल विकास समिति तथा वस्ती स्तरका समूह समितिहरु संग समन्वय गरिनेछ ।

❖ गा.पा. क्षेत्रलाई खुला दिसा मुक्त क्षेत्र बनाउनको लागि अझै प्रभावकारी तरिकाले सरोकारवाला एवम सम्बन्धित संघ संस्थाहरु संग सहकार्य तथा समन्वय गरी विशेष सरसफाई सम्बन्धि अभियान संचालन गरिनेछ । साथै गा.पा.ले गरिव, विपन्न तथा दलितहरुको लागि सक्दो निःशुल्क शौचालय निर्माणको कार्य अगाडि बढाउनेछ ।

## ५) सुशासन तथा संस्थागत विकास, सूचना प्रविधि एवम सेवा प्रवाह

❖ गा.पा.मा सुशासन कायम गर्नको लागि जोड दिईनेछ ।

❖ गा.पा.क्षेत्रभित्र भएका सम्पुर्ण दैनिक Digital गतिविधिहरु (youtube, websites, Facebook) सामाजिक सञ्जालहरुको निगरानी तथा व्यवस्थापनमा जोड दिईनेछ ।

❖ सामाजिक सञ्जाल मार्फत कसैको चरित्र हत्या एंवम समाजमा विकृती फैलाउने कार्य गर्ने जो सुकैलाई पनि कानुनी कारवाहीको दायरा भित्र ल्याईनेछ ।

❖ गा.पा. लाई पूर्णरुपमा डिजिटल तथा अनलाईन बनाउनको लागि चाहिने आवश्यक जनशक्ति, प्रविधि एँवम सफ्टवेयरहरुको व्यवस्थापन गरिनेछ ।

❖ गत विगत देखि यस गा.पा. मा कामकाज गर्दै आएका सामाजिक परिचालकहरुलाई तहगत प्रणालीमा लगिनेछ ।

❖ प्रत्येक वडा कार्यलयहरुमा राजश्व तिर्ने व्यवस्था मिलाईनेछ । सो को लागि चाहिने जनशक्तिको व्यवस्थापन गरिनेछ ।

❖ यस गा.पा.को गतिविधि, सूचना, सन्देश मूलक सूचनाहरु रेडियो, टिभि, पत्र पत्रिका एवम अन्य सञ्चार माध्यमहरुवाट पत्रकार ज्युहरुको समन्वयमा गरिनेछ ।

❖ गा.पा.को बिभिन्न निकायको लागि स्वीकृत दरबन्दीमा प्रचलित कानुन बमोजिमको प्रक्रिया अनुसार सेवा करारमा भर्ना भएका कर्मचारीहरुलाई घर विदा, बिरामी बिदा, बिमा एवम सञ्चयकोष कट्टी सुविधाहरुको व्यवस्था गरिनेछ ।

❖ देवताल गाउँपालिकाको लागि चाहिने स्थाई कर्मचारी प्रदेश सरकार एवम संघ सरकारबाट माग गर्नको लागि समन्वय गरिनेछ ।

- नेट तथा वाई-फाई सुधार र सञ्चालनको लागि सम्बन्धित सरोकारवाला निकाय सँग समन्वय गरिनेछ ।
- देवताल गाउँपालिकामा कार्यरत स्थाई कर्मचारीहरुको समायोजन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७८ लाई कार्यन्वयन गरिनेछ ।
- यस पालिका अन्तर्गतका सम्पूर्ण कर्मचारीहरु तथा जनप्रतिनिधिहरुको लागि आवश्यक सेवामूलक तालिम, प्रविधीयुक्त तालिम, क्षमता अभिवृद्धि तालिमको साथै समय-समयमा अवलोकन भ्रमण गराईनेछ ।
- गा.पा.को सम्पूर्ण कर्मचारीहरुलाई कार्यक्षमता मूल्याँकनको आधारमा प्रोतसाहित गरिनेछ ।
- यस गा.पा.को लागि चाहिने दरबन्दी स्वीकृत गरि आवश्यकता अनुसारको शाखाहरुमा जनशक्तिको व्यवस्थापन गरिनेछ ।
- स्थानिय तहका कर्मचारीहरुको सेवा सर्त व्यवस्थापनको लागि स्थानिय सेवा ऐन, २०७९ बनाई लागु गरिनेछ ।
- राम्रो काम गर्ने कर्मचारीहरुलाई प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा प्रोत्साहित गर्न प्रोत्साहन भत्ता र पुरस्कारको व्यवस्था गरिनेछ ।
- वार्षिक समिक्षा गोष्ठी, सार्वजनिक सुनुवाई एवम सर्वदलिय बैठकको व्यवस्थापन गरिनेछ ।
- स्थायी सेवा, करार एवं दैनिक ज्यालादारी तर्फ कार्यरत सम्पुर्ण कर्मचारीहरुको लागि ड्रेसको व्यवस्था गरिनेछ ।
- अन्तिम लेखा परिक्षणबाट औंल्याएका बेरुजु फर्छ्यौट तोकिएको समयमा गर्ने गराउने तथा बेरुजु कायम हुन आएको पेश्की रकम असुल उपर गरिने तर्फ आवश्यक पहल गरिनेछ ।
- न्यायक समितिको सचिवायलय लाई व्यवस्थित बनाई कार्य सञ्चालन गरिनेछ ।
- यस गाउँपालिकालाई विभिन्न शाखाहरुकोलागि चाहिने थप जनशक्तिको पदपुर्ति गरिनेछ ।
- गा.पा.को भिलेज प्रोफाईललाई थप व्यवस्थित गरिनेछ ।
- यस गा.पा.अन्तर्गत रहेका स्वास्थ्य संस्था, विद्यालय तथा सरकारी कार्यालयहरुमा ईन्टरनेट तथा CCTV जडानको कार्य विस्तार गरिनेछ ।
- यस गा.पा.भित्रका बजार क्षेत्रमा CC क्यमेरा जडान कार्य गरिनेछ ।
- सबै सरकारी कार्यालयहरुमा E-हाजिरी (Fingerprint Attendance) जडान गरिनेछ ।
- गा.पा.भित्रका सबै सार्वजनिक कार्यालयहरुमा नागरिक वडा पत्र र सुझाव पेटिका अनिवार्य रुपमा राखिने व्यवस्था मिलाईनेछ ।
- गा.पा.को गतिविधिहरुलाई सञ्चार माध्यमहरु सँग समन्यव गरि सूचनाहरुलाई प्रवाह गर्ने व्यव्स्था मिलाईनेछ ।

- यस गाउँपालिकाको सम्पूर्ण सूचनाहरुमा आमजनताको पहुँच पुर्याउन वेबसाईटलाई प्रभावकारी बनाईनेछ ।
- यस गा.पा.लाई व्यवस्थित एवम प्रभावकारी तरिकाले सञ्चान गर्नको लागि ऐन, नियमावली तथा कार्यविधिहरु बनाई स्थानीय राजपत्रमा प्रकाशित गरिनेछ ।
- गा.पा.लगायत प्रत्येक वडा कार्यालयम नागरिक सहायता कक्षको व्यवस्थापन गरिनेछ ।
- यस गा.पा भित्र रहेको ऐलानी, पर्ति, गौचर, सार्वजनिक आदी जग्गाहरुको संरक्षण गरिनेछ ।
- यस देवताल गाउँपालिका अन्तर्गतका सम्पूर्ण सरकारी कार्यलयहरु एवम सामुदायीक विद्यालयहरुलाई धुम्रपान एवम लागुपदार्थ निषेधित क्षेत्र घोषणा गर्न आवश्यक निति नियम बनाई लागु गरिनेछ।
- यस गा.पा.को विकासको लागि आवश्यक पर्ने जग्गा, जमिन खरिद गर्नको लागि आवश्यक रकम छुट्याईनेछ।

## ६) घटना दर्ता, सामाजिक सुरक्षा तथा पञ्जीकरण व्यवस्थापन

- घटना दर्ता गराउन आउने लाभग्राहीहरुलाई सुविधाजनक सेवा उपलब्ध गराईनेछ ।
- अनलाईन मार्फत प्रदान गरिदै आईरहेको सामाजिक सुरक्षा भत्तालाई अझै प्रभावकारी ढंगले कार्यान्वयन गरिनेछ ।
- जेष्ठ नागरिक (८० वर्ष माथि), पूर्ण अपाङ्गता भएका तथा बैंक सम्म जान असमर्थ लाभग्राहीहरुको सामाजिक सुरक्षा भत्ता घर सम्म पुर्याउने व्यवस्था मिलाईनेछ ।
- सामाजिक सुरक्षा भत्ता समयमा नै वितरण गर्ने तथा सबै वडाका लाभग्राहीहरुलाई सक्दो छिटो भन्दा छिट्टो वडा स्तरमा नै उपलब्ध गराउने व्यवस्था मिलाईनेछ।
- जेष्ठ नागरिक सुरक्षा आवासको व्यवस्थापन गरिनेछ ।
- जेष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।
- यस गा.पा.क्षेत्र भित्रका असहाय, गरिब, शहिद, विधवा, विपन्न परिवारका छोरीको विवाहमा **"असहाय सँग गा.पा.अध्यक्ष"** कार्यक्रम लागु गरि आर्थिक सहयोग रु. २५०००।- देखि ५०,०००।- (पच्चीस हजार देखि पच्चास हजार सम्म) उपलब्ध गराईनेछ ।

अन्त्यमा यस गाउँसभाको आ.व ०७९/०८० को बजेट अधिवेसनको समुद्घाटन समारोहमा उपस्थित भई यस अधिवेशनको शोभा बढाई दिनुभएकोमा गाउँ सभाका सदस्यज्युहरु, पत्रकार मित्रहरु, सुरक्षा कर्मीहरु एवम उपस्थित राष्ट्रसेवक कर्मचारीज्युहरुलाई पुनः हृदय देखी नै हार्दिक आभार प्रकट गर्दछु ।

धन्यवाद !